# नेपाल राष्ट्र बैंक
## पोखरा कार्यालय

### सवारी साधन (बस) भाडामा लिने बारेको शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७९।१०।०६**

**प्रथम पटक प्रकाशित मिति : २०७९।०९।०३**

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयको कार्य क्षेत्र अन्तर्गतका नोटकोष रहेका राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडका तोकिएका शाखाहरु, नेपाल राष्ट्र बैंकका बिभिन्न विभाग र अन्य कार्यालयहरुमा गरिने तोडाचलान **(Fund Transfer)** कार्यको लागि आवश्यक परेका बखत बस भाडामा लिनुपर्ने भएकोले सवारी साधन (वस) भाडामा उपलब्ध गराउन इच्छुक सम्बन्धित निकायमा दर्ता भई कालोसूचीमा नपरेका बस व्यवसायी व्यक्ति/फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. शिलबन्दी दरभाउपत्र फाराम दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ७औं दिन (मिति **२०७९/१०/१३** १:३० बजे भित्र ) सम्म रु.१,०००।०० (अक्षरेपि एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) यस कार्यालयमा रहेको ना.नो.आ.हि खाता नं. १८०००००-०३०-०१२-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर वुझाई खरिद गर्न सकिने छ ।

२. दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति **२०७९/१०/१४** गते (सो दिन विदा परेमा विदा पश्चात कार्यालय खुलेको दिन) दिउंसो १२:०० बजे भित्र यस कार्यालयवाट खरिद गरेको, आधिकारिक दस्तखत र छाप भएको फाराम भरी शिलबन्दी दरभाउपत्र पोखरा कार्यालयमा दाखिला गरी सक्नु पर्नेछ ।

३. दोस्रा पटक सूचना प्रकाशित भएको मितिले ८औं दिन अर्थात मिति **२०७९/१०/१४** (सो दिन विदा परेमा विदा पश्चात कार्यालय खुलेको दिन) दिउंसो १२:३० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा दरभाउपत्र खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पुगेको मानिने छैन ।

४. शिलबन्दी दरभाउपत्रको मान्य अवधि शिलबन्दी दरभाउपत्र खोलिएको मिति देखि पैंतालिस दिनको हुनेछ । शिलबन्दी दरभाउपत्र साथ विडवण्ड वापत **रु.२५,०००।०० (अक्षरेपी पच्चीस हजार मात्र)** यस बैंकको सण्ड्री क्रेडिटर्स हिसाब (१८०९९९९/०११/००१/५२४) मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस बैंकबाट इजाजत प्राप्त बैंक/वित्तीय संस्थाबाट दरभाउपत्र पेश गर्ने अन्तिम मितिले पचहत्तर दिन मान्य अवधि भएको सो रकम बराबरको यस बैंकको पक्षमा जारी गरिएको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न हुनु पर्नेछ ।

५. उपरोक्त अनुसार रीत नपुगेको वा म्यादभित्र प्राप्त नभएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । शिलबन्दी दरभाउपत्र सम्वन्धी अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम तथा सार्वजनिक खरिद ऐन तथा नेपाल राष्ट्र वैंक खरिद विनियमावली २०७१ (चौथो संशोधन, २०७७ समेत मिलाइएको रुपमा) मा उल्लेख भए बमोजिम हुनेछ ।

६. दरभाउपत्रहरु पूर्ण वा आंशिक रुपले स्वीकार गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ ।

७. यस सम्वन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालय, आन्तरिक प्रशासन फांट (फोन : ०६१-४६२७१४/एक्सटेन्सन ११७) मा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ । यो सूचना बैंकको वेभसाइट www.nrb.org.np मा समेत प्रकाशित गरिएको छ ।

**नेपाल राष्ट्र बैंक**
**पोखरा कार्यालय**